नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

प.सं.:
च.नं.:

# प्रेस विज्ञप्ति

विगत केही दिनयता प्रतिनिधिसभा अन्तर्गतको पूर्वाधार विकास समितिमा छलफलको क्रममा रहेको जलस्रोत विधेयक माथि विज्ञहरुको अन्तरक्रिया कार्यक्रमसँग यस मन्त्रालय र माननीय मन्त्रीज्यूलाई जोडेर विभिन्न सञ्चार माध्यामहरुमा प्रकाशित समाचारहरुप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त कार्यक्रमको आयोजक यो मन्त्रालय नरहेको र जलस्रोत विधेयक केवल यस मन्त्रालयसँग सम्बन्धित मात्र रहेको स्पष्ट पार्दछौं। सो अन्तरक्रिया एवं छलफल कार्यक्रम प्रतिनिधिसभा पूर्वाधार विकास समितिको आयोजनामा भएको र उक्त कार्यक्रम अत्यन्त सफल र फलदायी भएको कुरा स्वयं माननीयज्युहरुबाट पनि व्यक्त भएको छ। सोहि धारणा मन्त्रालयको समेत रहेकोमा यस मन्त्रालयलाई जोडेर विजमाण्डू अनलाईनमा प्रकाशित "उर्जामन्त्रीको मेजमानीलाई लिएर पूर्वाधार समितिमा हंगामा" त्यसैगरी नयाँ पत्रिका दैनिकमा प्रकाशित "उर्जामन्त्री खड्काकै तारे होटलमा संसदीय समितिको बैठक" जस्ता समाचारहरु तथ्यहिन, भ्रामक र अतिरञ्जीत रहेको कुरा यस मन्त्रालय स्पष्ट पार्दछ।

पूर्वाधार विकास समिति लगायत अन्य संसदीय समितिहरुले विगतमा पनि यस्ता किसिमका कार्यक्रमहरु र महत्वपूर्ण विषयहरुमाथि छलफलका लागि राजधानी र आसपासका होटलहरुमा यस प्रकारका अन्तरक्रिया कार्यक्रम गर्ने प्रचलन विगतदेखि नै चल्दै आएको र पूर्वाधार विकास समितिले यसअघि पनि विद्युत विधेयक सम्बन्धमा गत पुस २८ र २९ गते काभ्रेको धुलिखेल स्थित धुलिखेल लज रिसोर्टमा यस्तै अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो। सम्बन्धित मन्त्रालयको विभागीय मन्त्रीको हैसियतले माननीय मन्त्रीज्यू उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो। उक्त विषयलाई समाचार बनाइएन तर बुढानिलकण्ठमा आयोजित अन्तरक्रिया कार्यक्रम केवल संयोगको रुपमा होलि डे ईन रिसोर्ट बुढानिलकण्ठमा भएकै कारण असम्बन्धित विषयमा समेत मन्त्रीज्यूलाई जोडेर अमर्यादित शब्दको प्रयोग गरी प्रकाशित समाचारप्रति मन्त्रालय खेद व्यक्त गर्दछ।

समाचारको विश्वसनीयता तथा समाचारको स्रोत समक्ष सम्पर्क समेत नगरी प्रकाशित गरिने यस प्रकारका समाचारहरुले व्यक्ति वा संस्थाको चरित्रहत्या गर्ने र सामाजिक अफवाह फैलाउने भन्दा अन्य कुनै उदेश्य राखेको हुँदैन भन्ने हाम्रो स्पष्ट बुझाई छ। पत्रकारिताको न्यूनतम मर्यादा समेतलाई नजरअन्दाज गरी गरिने यस प्रकारका कथित पत्रकारिताले पित पत्रकारितालाई प्रश्रय दिने र सञ्चार माध्यमप्रतिको आमविश्वासलाई समेत क्षयीकरण गर्ने गर्दछ। तसर्थ, समाचार प्रकाशन गर्नुपूर्व सत्यतथ्यको जाँच गर्नुहुन र सम्बन्धित निकायमा सम्पर्क गरी आधिकारिकताको एकिन गर्नुहुन मन्त्रालय अनुरोध गर्दछ। आगामी दिनमा यस प्रकारका समाचारहरु सम्प्रेषण नगर्नुहुन सम्बद्ध सबै पक्षलाई यसै विज्ञप्तीमार्फत मन्त्रालय ध्यानाकर्षण गराउँदछ। अन्यथा, प्रचलित कानून बमोजिम कानुनी उपचारमा जान मन्त्रालय बाध्य हुने व्यहोरासमेत अनुरोध छ।

मिति:२०८१/१०/११

सन्दीप कुमार देव
प्रवक्ता
सह-सचिव

टेलिफोन : ९७७-१-४२११५१६, ४२११८८६, ४२११४२६, ४२११५१८
इमेल: info@moewri.gov.np
वेबसाइट: https://www.moewri.gov.np